# टीकापुर नगरपालिकाको ४५औं कार्यपालिका बैठक

## मिति २०७६ माघ १९ गते

**निर्णय नं. १** :- प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय धनगढी कैलालीको आर्थिक वर्ष २०७७/०७८ का लागि स्थानीय तहबाट समपुरक र विशेष अनुदानतर्फका आयोजना/कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धि मिति २०७६/१०/०१ मा प्रकासित सूचना बमोजिम आगामी आ.व.२०७७/०७८ का लागि तपशिलमा उल्लेखित योजना तथा कार्यक्रम छनौट गरी स्विकृतीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी-कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

**बिशेष अनुदानतर्फ :**

| सि.नं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानितलागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आवास कार्यक्रम | वडा नं ९ स्थित रोहणीबोभ्फी दलित तथा जनजाती वस्ती, | १,००,००,०००। | |
| २ | आवास कार्यक्रम | वडा नं. ८ को वडा कार्यालय नजिक दलित बस्ती | १,००,००,०००। | |
| ३ | आवास कार्यक्रम | वडा नं १ स्थित शक्तिनगर मुक्तकमैया वस्तीमा आवास निर्माण आयोजना | १,००,००,०००। | |
| ४ | आवास कार्यक्रम | वडा नं. ६ स्थित मिलनपुर मुक्त कमैया शिविरमा आवास निर्माण आयोजना | १,००,००,०००। | |

**समपुरक अनुदानतर्फ :**

| सि. नं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | नगरपालिकाको म्याचिगं रकम रु. | नेपाल सरकार अनुदान रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. ६ को वडा कार्यालय जाने बाटो | वडा नं ६ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |

टीकापुर नगरपालिका कैलाली

प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | वडा नं. ७ हुलाकी रोडबाट डल्फिन संरक्षण क्षेत्र हुदै खक्रौला भन्सार जोड्ने बाटो | वडा नं. ७ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |
| ३ | सीतापुर स्कूल हुँदै मोहन रावलको घर भएर चन्द्र सिंह भट्टराई - मिलनचोक जाने बाटो | वडा नं. २ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |
| ४ | भन्सार कार्यालय देखि पायल चोक हुदै वडा नं. ८ जोड्ने सडक | वडा नं. ९ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |
| ५ | सैपाल बोर्डिङ्ग स्कूल देखि बद्रि प्रसाद भट्टराईको घर हुँदै टीकापुर योगाश्रम सम्म जाने बाटो कालोपत्रे अयोजना | वडा नं. १ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |
| ६ | वडा नं. ४ को राम जानकी मन्दिर देखि जन प्रकाश आधारभूत विद्यालय बाघमारा हुँदै वडा नं. ६ जोड्ने बाटो - क्रमागत) | वडा नं. ४ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |
| ७ | वडा नं. ३ को क्रमागत योजना अन्तर्गत पुछरी हंस स्कूल बोर्डिग स्कूल देखि पदमा प्रा.वि घीया हुँदै जोशीपुर गा.पा. जोड्ने बाटो | वडा नं. ३ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | क्रमागत |
| ८ | नुक्लिपुर प्रेम नगर देखि दौलतपुरघाट जाने बाटो | वडा नं. ५ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |

टीकापुर नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | सूर्यपुर हुलाकी सडक देखि वडा कार्यालय हुदै खक्रौला भन्सार जोड्ने बाटो | वडा नं. ८ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |
| १० | वडा नं ३ को वडा कार्यालयको प्रशासनीक भवन निर्माण आयोजना | वडा नं. ३ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |
| ११ | वडा नं ५ को वडा कार्यालयको प्रशासनीक भवन निर्माण आयोजना | वडा नं. ५ | ५०,००,०००।- | २५,००,०००।- | २५,००,०००।- | |

**निर्णय नं. २ :-** नेपाल सरकार , सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम , कार्यक्रम समन्वय इकाई, ललितपुरको मिति २०७६/०९/२१ मा प्रकाशित सूचना बमोजिम प्रादेशिक एवम् स्थानिय सडक निर्माण तथा सुधार कार्यक्रम संञ्चालन कार्यविधि,२०७६, बमोजीम यस नगरपालिकाको तर्फबाट तपशिलमा उल्लेखित आयोजना छनौट गरि स्विकृतिका लागि स्थानीय पुर्वाधार विभाग ,कार्यक्रम समन्वय ईकाई ,ललितपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं. | आयोजनाको विवरण | आयोजना स्थल | न.पा.लागत साझेदारी | कैफियत |
|---|---|---|---|---|
| १. | लम्की टिकापुर सडकको सिटी बसपार्क देखि टिकापुर बहुमुखी कयाम्पस हुदै शिवमन्दिर जाने बाटो हुदै बिरेन्द्र बिद्या मन्दिर स्कुल हुदै खानेपानी टंकी सम्म र टिकापुर बसपार्क देखि टिकापुर नगर विकास समितिको कार्यालय हुदै टिकापुर नगर कार्यपालिकाको कार्यालय जाने सडक कालोपत्रे निर्माण आयोजना , | वडा नं.१,टिकापुर,कैलाली / | प्रादेशिक एवम् स्थानिय सडक निर्माण तथा सुधार कार्यक्रम संञ्चालन कार्यविधि,२०७६,को परिच्छेद -५ (१४) को उपदफा २ बमोजीम कुल लागत अनुमानको १० प्रतिशत । | |

निर्णय नं. ३ :- नेपाल सरकार , सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम , कार्यक्रम समन्वय इकाई, ललितपुरको मिति २०७६/०९/२४ मा प्रकाशित स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत " स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६" को दफा ३ बमोजीम यस नगरपालिकाको तर्फबाट तपशिलमा उल्लेखित आयोजना छनौट गरि स्विकृतिका लागि स्थानीय पुर्वाधार विभाग ,कार्यकम समन्वय ईकाई ,ललितपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | आयोजनाको विवरण | आयोजना स्थल | न.पा.लागत साझेदारी | कैफियत |
|---|---|---|---|---|
| १ | टीकापुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको प्रशासनीक भवन निर्माण | टी.न.पा. वडा नं. १ | प्रादेशिक एवम् स्थानिय सडक निर्माण तथा सुधार कार्यकम संञ्चालन कार्यविधि,२०७६,को परिच्छेद -५ को दफा १२ को उपदफा १ र २ बमोजीम कुल लागत अनुमानको ५० प्रतिशत | |

निर्णय नं. ४:- श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम)अन्तर्गत यस नगरपालिकामातहतमा रहेको रोजगार सेवा केन्द्रमा सेवा करारमा कार्यरत रोजगार संयोजकको मिति २०७६ पौष १ गते बाट लागु हुने गरी राजिनामा स्वीकृत भई सकेकोले रोजगार सेवा केन्द्रबाट सम्पादन गर्नुपर्ने कार्यहरुमा कठिनाई भएकोले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७६ को दफा ४ बमोजिमको यस नगरपालिकामा रोजगार संयोजक पदपूर्ति गर्नुपर्ने भएको हुँदा उक्त मापदण्डको परिच्छेद-३, मा छनौट प्रक्रिया सम्बन्धि व्यवस्था रहेकोमा समिति गठन गरि उक्त समिति मार्फत छनौट प्रक्रिया अगाडि बढाउने ।

टीकापुर नगर...
टीकापुर
सुदूरपश्चिम

नगर प्रमुख

**निर्णय नं ५** :-यस नगरपालिका कार्यपालिका कार्यालयको संगठन तथा ब्यवस्थापन (ओ. एण्ड. एम.) परामर्श सेवा अध्ययन गर्ने गराउने सम्बन्धमा यस टीकापुर नगरपालिका, नगर कार्यपालिका कार्यालय र जी. एफ. कन्सल्टिङ्ग प्रा.लि., भक्तपुर वीच २०७६/०७/०६ बमोजिम भएको सम्झौता बमोजिम कार्य सम्पन्न भई सकेकोमा उक्त सम्झौता बमोजिमको रकम चालु आ.व. ०७६/०७७ का लागि भैपरी आउने र आकस्मिक चालु तथा कार्यक्रम खर्च बाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** :- यस टीकापुर नगरपालिका अन्तर्गत १ वटा स्वास्थ्य चौकीलाई नमुना स्वास्थ्य चौकी तथा एक वडालाई पोषणमैत्री वडा घोषणा गर्नुपर्ने भएकोले तपसिल अनुसारको वडा छनौट गरी कार्यक्रम अगाडि बढाउने ।

**तपसिल :**

| क्र.सं | छनौट गरिएको स्वास्थ चौकी /वडा | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | धनसिंहपुर स्वास्थ्य चौकी | . वडा नं ८, टी.न.पा | नमूना स्वास्थ्य चौकी |
| २ | वडा नं ६, टी.न.पा | वडा नं ६, टी.न.पा | पोषणमैत्री वडा |

**निर्णय नं. ७** :- टीकापुर नगरपालिका अन्तर्गत वडा नं ८ स्थित श्रीलंका टापुमा सशस्त्र प्रहरी बल नेपाल वि.ओ.पी ,श्रीलंकाटापुको कार्यालय स्थापनाका लागि वडा नं ८ श्रीलंका गाउँ देखि बर्दिया जोड्ने सडकको दक्षिण तर्फ अन्तराष्ट्रिय सिमा स्तम्भ नं. ७०० र ७००/१ को बीच दशगजा छुने सडकको १७६ मि. उत्तरमा उक्त सडक खण्डको पूर्व तर्फ पर्ने गरी ४० मि. मोहडा चौडाई तथा ६३ मि. लम्वाई हुने गरी ज.वि. ००-०७-१० रहेको सार्वजनिक जग्गामा उक्त कार्यालय ब्यवस्थापन गर्न उपयुत्त देखिएकोले सोहि बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ८** :-टीकापुर नगरपालिका वडा नं. ६ स्थित प्रसेनी ओखरपुर लगायतका गाउँवासीहरुको वर्षातमा सुरक्षाका लागि सुरक्षित भवन निर्माणका लागि निशुल्क रुपमा जग्गा उपलब्ध गराउनका लागि मिति २०७६/०९/२९ मा प्रकासित सूचना बमोजिम वडा नं ६ का मनिकला देवी शाहीको नाममा दर्ता श्रेस्ता कायम भएको साविक नारायणपुर गा.वि.स. वडा नं ३ (हाल टीकापुर नगरपालिका वडा नं. ६) स्थित कि.न.५९९ को ज.वि. क्षे ००-०६-०० मध्येवाट ज.वि. क्षेत्रफल ००-०१-०० उपलब्ध गराउन सम्झौता भए बमोजिम उक्त जग्गा ६ नं.वडा कार्यालयको नाममा दर्ताश्रेस्ता कायम गर्न नियमानुसार लाग्ने राजश्व नगर कार्यपालिकाको कार्यालयबाट ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.९:-** यस टीकापुर नगरपालिकाको विस्तृत योजना तर्जुमा सम्बन्धमा नागरिकहरुको सहभागिता ब्यवस्थित र प्रभावकारी रुपमा नगरपालिकाको विस्तृत योजना तर्जुमा गर्ने सम्बन्धमा आधारभुत प्रक्रिया र विधि निर्धारण गर्न यस टीकापुर नगरपालिकाको विस्तृत योजना तर्जुमा सम्बन्धमा **"विस्तृत योजना तर्जुमा सम्बन्धि कार्यविधि, २०७६ "** स्वीकृत गरियो ।

**निर्णय नं. १० :-** यस नगरपालिकाको चालु आ.व. ०७६/७७ का लागि स्वीकृत एक वडा एक बगैचा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका योजना/कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | योजना स्थल | विनियोजित रकम |
|---|---|---|---|
| १ | तीनकुने पार्क निर्माण | वडा नं १, ब्लक नं २४ स्थित | २,५०,०००।- |
| २ | पार्क निर्माण | वडा नं. २ स्थित जनशक्ति सामुदायिक बन | १,५०,०००।- |
| ३ | पार्क निर्माण | वडा नं. ४ को वडा कार्यालय परिसर भित्र | १,५०,०००।- |
| ४ | पार्क निर्माण | वडा नं ६ वि.पी निकुन्ज | १,५०,०००।- |
| ५ | पार्क निर्माण | वडा नं ७ को.कर्णाली सामुदायिक बन सत्ती भित्र | १,५०,०००।- |
| ६ | पार्क निर्माण | वडा नं. ८ को बटनपुरको मन्दिर तथापार्क निर्माण स्थल | १,५०,०००।- |

**निर्णय नं. ११ :-**टीकापुर नगरपालिका वडा नं. २ राजीपुर कैलाली बस्ने श्री अर्जुन ठकुल्लाले विगत लामो समय देखि खेलकुद क्षेत्रमा समर्पित भई यस क्षेत्रलाई खेलकुद जगतमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित गराउन योगदान पुर्‍याउनु भएकोले शहिद सप्ताह तथा टीकापुर नगरपालिकाको स्थापना दिवस, २०७६ को अवसरमा आयोजित मेयर,उपमेयरकप रनिङ्ग फुटवल प्रतियोगितामा आ.व. ०७६/७७ का लागि **मेयर कप,उपमेयर कप लगायत अन्य खेलकूद कार्यक्रम** शिर्षकमा विनियोजित रकमबाट नगद रु. ६३७५० (कर समेत) सम्मानित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-** गत आ.व. २०७५/०७६ को वित्तीय समानिकरण अनुदान कार्यक्रमबाट संचालनमा रहेका तपसिल बमोजिमका आयोजनाहरुको म्याद थप सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयको निर्णयानुसार पेश भए बमोजिम देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

## तपसिल

| क्र. सं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाता फर्मको नाम र ठेगाना | ठेक्का नं. | कार्यादेश बमोजिमको निर्माण कार्य सम्पन्न गर्ने अवधि | समयावधि थप गर्नुपर्ने कारण | समयावधि थप गर्नुपर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वडा नं५ नुक्लीपुर स्थित टीकापुर बंगलापार्कको हाताभित्रको मुख्य प्रबेशद्धार भित्रबाहिर कालोपत्रे सडक निर्माण | प्रोपराईटर श्री रण बहादुर रावल, इन्द्रधनु अछाम निर्माण सेवा, टीकापुर-१, टीकापुर, कैलाली | ७२-२०७५/७६ | २०७६/०८/३० | उक्त बाटोको ठे.नं.७१/२०७५-७६ को माटो पटानीको कार्य वर्षादको कारण हुन नसकेको हुँदा कालोपत्रे सडक निर्माणको कार्य शुरु हुन नसकेको | २०७६/१२/३० | कार्यपालिका कार्यालयको मिति २०७६/०८/२७ को टिप्पणी आदेश अनुसार |
| २ | वडा नं. ५ मा फोहरमैला व्यवस्थापनका लागि स्टोरेज ब्लक सहितको पूर्वाधार निर्माण आयोजना | प्रो. श्री अमर सिंह रावल, निराजन कन्स्ट्रक्सन, टीकापुर-१, टीकापुर, कैलाली | ५६-०७५/०७६ | २०७६/०९/२९ | साईटको विवादका कारण कार्य सुचारु गर्न नसकिएको अवस्था रहेको र हाल साईट नयाँ कायम गरिएकोले निर्माण कार्य संचालन गर्न सकिने अवस्था रहेको | २०७७/०१/३० | कार्यपालिका कार्यालयको मिति २०७६/०९/२८ को टिप्पणी आदेश अनुसार |

टीकापुर नगरपालिका टीकापुर सुदूरपश्चिम